"जलश्रोत, पर्यटन र जडिबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका

# Bigu Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
वागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या/Ref. No:- २०८१/०८२

चलानि नं./Dispatch No:

मिति/Date:- २०८१।०५।२४

## सडक सरसफाई तथा मर्मतको लागि व्याक्हो-लोडर तथा डोजर भाडामा लिने सम्बन्धी सूचना ।

**पहिलो पटक सूचना प्रकाशन मिति:२०८१/०५/२४**

यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुका मुख्य सडकहरुमा वर्षाको कारण पहिरो गई माटो, ढुंगा तथा डेब्रिजहरु थुप्री सडक अवरोध हुने अवस्था रहेकोले सो हटाई नजिकिंदो नेपालीहरुको महान पर्व वडा दशै, शुभ-दिपावलीलाई समेत लक्षित गरी सहज रुपमा सवारी आवगमनका लागी सडक सफा गर्ने, सडकमा भएका खाल्टाखुल्टी पुर्ने, सम्याउने तथा सडकको चौडाइ ब्याक कटिङ्ग गर्नुपर्ने अवस्थामा मिडिएम रक सम्मको व्याक कटिङ्ग गरी गर्नुपर्ने कार्यका लागि डोजर तथा व्याक्हो लोडर भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म वा निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको तपसिलका कागजातहरु संलग्न गरी खामबन्दी दररेट पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल:**

१. प्रथम पटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र वा मिति २०८१।०५।३० गते कार्यालय समय भित्र सम्बन्धित फर्म वा व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी यस कार्यालयबाट फिर्ता नहुने गरी नेपाल ईन्भेष्टमेण्ट लि. सिँगटी शाखामा रहेको विगु गाउँपालिकाको आन्तरीक राजस्व खाता नं. ०६७०१४००२५०००९ मा रु १०००/- (एक हजार) गरी खामबन्दी दररेट पेश गर्न सकिनेछ ।

२. ईच्छुक फर्म वा डोजर धनीले उक्त खामबन्दी दररेट मिति २०८१।०५।३० गते विहान १२:०० बजे भित्र गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ । उक्त खामबन्दी दररेट फारम सोही दिन दिउसो २:०० बजे गाउँ कार्यपालिकाको कार्यालय, विगुमा खोलिनेछ । खामबन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. दररेट उल्लेख गर्दा भाडा दर प्रति घण्टामा भ्याट (VAT) बाहेक उल्लेख गर्नुपर्नेछ । व्याक्हो लोडर वा डोजरको ईन्धन, मर्मत खर्च, सुरक्षा, चालक र सहयोगी खर्च समेत स्वयंम मेशिन धनीले व्यहोर्नुपर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्य रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंक प्रष्ट नभएमा अक्षरमा खुलाईएको दररेटलाई मान्यता दिईने छ ।

४. कार्यालयले भाडामा लिएको मेशिन मासिक रुपमा प्राविधिक इस्टमेट तथा कार्य सम्पन्न प्रतिवेदन सहित कार्य स्थलको कार्य गर्नुभन्दा अगाडि र कार्य सम्पन्न पश्चातको फोटोहरु प्राप्त भए पश्चात सोको आधारमा भुक्तानी गर्नेछ र कारोबारमा हुने करको दायित्व सम्बन्धित फर्म वा निर्माण व्यवसायीको हुनेछ ।

५. व्यकुलोडर वा डोजर भाडामा उपलब्ध गराउँदा मेशिनको क्षमता अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ । चालु अवस्थामा रहेको मेशिन हुनुपर्नेछ ।

६. कार्यालयले भाडामा लिएको मेशिन कार्यालयको निर्देशन अनुसार तोकिएको सडक क्षेत्रमा सरसफाई लगायतका कार्य गर्नुपर्नेछ ।

७. कार्यालयले तोकेको समय र स्थानमा यथाशिघ्र मेशिन उपलब्ध गराई तोकिएको कार्य गर्नुपर्नेछ ।

८. एक पटक पेश भएको खामबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।

९. खामबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१०. माथि उल्लेख भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

पेश गर्नुपर्ने कागजातहरु:

- फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- चालकको नागरिकता प्रमाणपत्र र चालक अनुमतिपत्रको प्रतिलिपी,
- मेशिन नवीकरण भएको बिल बुक र तेस्रो पक्ष बीमाको प्रमाणीत कागजातहरुको प्रतिलिपि,
- रु १०००/- (अक्षरमा एक हजार मात्र) तिरेको राजश्व भौचरको सक्कल प्रति ।

२०८१/०५/२४
छोईसाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत